श्री

नेपालको संविधानको धारा २१५ को उपधारा (२) मा व्यवस्था भए बमोजिम तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री कर्ण बहादुर मगरज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको पदाधिकारीहरुको उपस्थितिमा बसी निर्धारित प्रस्तावहरु उपर आवश्यक छलफल गर्दै तपसिल बमोजिमका निर्णयहरु पारित गरियो।

बैठक सञ्चालन स्थानः तीनपाटन गाउँ कार्यपालिकाको कार्यालयको सभाहल।

बैठक सञ्चालन मितिः २०८०।०७।१५ गते।

बैठक बसेको समयः बिहान ११.०० बजे।

उपस्थिति

| क्र.सं. | पदाधिकारीको नाम, थर | पदाधिकारीको दर्जा | उपस्थिति |
|---|---|---|---|
| १. | श्री कर्ण बहादुर मगर | गाउँ कार्यपालिका अध्यक्ष | |
| २. | श्री धन बहादुर पुलामी अशोक | गाउँ कार्यपालिका उपाध्यक्ष | |
| ३. | श्री गोविन्द बहादुर राउत | वडा अध्यक्ष, १ नं. वडा | |
| ४. | श्री मुकुन्द प्रसाद पौडेल | वडा अध्यक्ष, २ नं. वडा | |
| ५. | श्री लाल बहादुर स्याङ्तान | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६. | श्री खड्ग बहादुर भुजेल | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७. | श्री भुपाल सिंह तामाङ | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८. | श्री बीर बहादुर पुलामी | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९. | श्री युवराज पहाडी | वडा अध्यक्ष, ७ नं. वडा | |
| १०. | श्री कृष्ण प्रसाद गौतम | वडा अध्यक्ष, ८ नं. वडा | |
| ११. | श्री मोहन बहादुर गौतम | वडा अध्यक्ष, ९ नं. वडा | |
| १२. | श्री पुण्यहरी भुजेल | वडा अध्यक्ष, १० नं. वडा | |
| १३. | श्री तिलक बहादुर वस्नेत क्षेत्री | वडा अध्यक्ष, ११ नं. वडा | |
| १४. | श्री तारामाया श्रेष्ठ | गाउँ कार्यपालिका सदस्य | |
| १५. | श्री गंगामाया तामाङ | गाउँ कार्यपालिका सदस्य | |
| १६. | श्री सिम कुमारी आले | गाउँ कार्यपालिका सदस्य | |



Scanned with CamScanner

मिति २०८०।०७।१५ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

| क्र.सं. | पदाधिकारीको नाम, थर | पदाधिकारीको दर्जा | उपस्थिति |
| --- | --- | --- | --- |
| १७. | श्री युवमाया मस्राङ्गी | गाउँ कार्यपालिका सदस्य | |
| १८. | श्री कमल बहादुर दमै | गाउँ कार्यपालिका सदस्य | [signature] |
| १९. | श्री लोक बहादुर विक | गाउँ कार्यपालिका सदस्य | [signature] |
| श्री पदम बहादुर बस्नेत, प्रमुख प्रशासकीय अधिकृत | | गाउँ कार्यपालिका सचिव | [signature] |
| <u>अन्य उपस्थिति:</u> | | | |
| श्री जीतेन्द्र गिरी, शाखा अधिकृत | | | |
| श्री युवराज काफ्ले, शिक्षा अधिकृत | | | |
| श्री प्रेमबहादुर लुङ्गेली, जिन्सी शाखा | | | |
| श्री बिमलराज काफ्ले, लेखा सहायक | | | |
| श्री विनिता लामा, सूचना प्रविधि अधिकृत | | | [signature] |
| श्री चन्द्रिका थापा, का स | | | [signature] |

<u>प्रस्तावहरु:</u>

| प्रस्ताव नं. | प्रस्तावको विषय | सम्बन्धित शाखा/ वडा/विषयगत समिति |
| --- | --- | --- |
| १. | अघिल्लो गाउँ कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा । | सबै |
| २. | सडक मर्मत सम्भारको समीक्षा तथा थप निर्णय सम्बन्धमा । | पूर्वाधार विकास शाखा |
| ३. | तीनपाटन गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७९ संसोधन सम्वन्धमा। | प्रशासन शाखा |
| ४. | कर्मचारीको ईन्धन सुविधा सम्बन्धमा । | सबै |
| ५. | नियमित खोप सञ्चालन तथा बर्थिङ सेन्टरमा कार्यरत स्वास्थ्यकर्मीले पाउने सुविधा सम्बन्धमा | स्वास्थ्य शाखा |
| ६. | वास सम्बन्धी विभिन्न कानूनहरु अनुमोदन सम्बन्धमा। | |
| ७. | विविध । | सबै |



Scanned with CamScanner

**निर्णय नं. (१)**

प्रस्ताव नं. (१) माथि छलफल गर्दा तीनपाटन गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८०/०६/२२ गते बसेको गाउँ कार्यपालिका बैठकको निर्णय समीक्षा गरियो ।

**निर्णय नं. (२)**

प्रस्ताव नं. (२) माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकाको सबै वडामा सडक मर्मत सम्भारको कार्य निरन्तर जारी रहेको तथा विनियोजित बजेटको सिमाभित्र रही तुरुन्त कार्यसम्पन्न गर्न सम्बन्धित सबैमा निर्देशन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. (३)**

प्रस्ताव नं. (३) माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकाको कार्य सञ्चालन निर्देशिका, २०७९ को दफा २१ पछि देहाय बमोजिम थप गर्ने निर्णय पारित गरियो ।

२१(क) परीक्षा सञ्चालन खर्चः गाउँपालिका कार्यालयबाट सञ्चालन गरिने गाउँ शिक्षक तथा सेवा करारका कर्मचारी छनौट परीक्षा सञ्चालनका क्रममा देहाय बमोजिमको परीक्षा सञ्चालन खर्च दिइनेछ ।

| क्र.सं. | खर्च शीर्षक | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | दरखास्त फारम सङ्कलन, रुजु तथा प्रमाणीकरण | १५०/- | दुईजना कर्मचारीहरुलाई प्रति दिन रु १५० का दरले खाजा खर्च दिइनेछ । |
| २ | प्रश्नपत्र निर्माण | ३०००/- | प्रश्नपत्र निर्माण गर्ने विज्ञलाई प्रति प्रश्न रु ३००० का दरले दिइनेछ । |
| ३ | उत्तरपुस्तिका परीक्षण | वस्तुगत उत्तरपुस्तिका र विषयगत उत्तरपुस्तिकाको क्रमश रु ५०/- र रु १००/- | उत्तरपुस्तिका परीक्षण गर्ने विज्ञलाई उपलब्ध गराइनेछ । |
| ४ | अन्तर्वार्ताकारको भत्ता | प्रति व्यक्ति प्रति सिफ्ट रु १५००/- | अन्तर्वार्ता समितिका बढीमा चार जना सदस्यलाई |
| ५ | केन्द्राध्यक्ष | प्रति सिफ्ट रु २०००/- | |
| ६ | सहायक केन्द्राध्यक्ष | प्रति सिफ्ट रु १५००/- | |
| ७ | निरीक्षक | प्रति सिफ्ट रु १०००/- | |
| ८ | सहयोगी | प्रति सिफ्ट रु ७००/- | |
| ९ | बैठक भत्ता | प्रति बैठक रु १०००/- | प्रति दिन बढीमा तीनवटा बैठकको । |

**निर्णय नं. (४)**

प्रस्ताव नं. (४) माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकाको गाउँ कार्यपालिकाको मिति २०८०/०४/३१ को निर्णयानुसार कर्मचारीहरुलाई ईन्धन बापतको रकम नगदै दिने निर्णय खारेज गरी यस गाउँपालिकाको कार्य सञ्चालन निर्देशिका, २०७९ बमोजिम इन्धन कुपनमार्फत इन्धन उपलब्ध गराउने निर्णय सर्वसम्मत पारित गरियो।



Scanned with CamScanner

मिति २०८०/०७/१५ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

निर्णय नं. (५)

प्रस्ताव नं. (५) माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकाको विभिन्न वडा तथा टोलमा नियमित रुपमा सञ्चालन हुने खोप तथा गाउँघर क्लिनिक सञ्चालन गर्ने स्वास्थ्यकर्मीहरुलाई स्वास्थ्य संस्थामा बाहेकका स्थानमा नियमित खोप तथा गाउँघर क्लिनिक सञ्चालन गरेबापत बढीमा दुइजनालाई रु ५०० । का दरले भुक्तानी दिने र बर्थिङ सेन्टरमा २४ घण्टा सेवा उपलब्ध गराउने नर्सिङ स्टाफको हकमा आर्थिक वर्ष २०७८/७९ सम्म स्वास्थ्य संस्थाले पाईरहेको अनुदान रकम रु १००० । बाट आर्थिक वर्ष २०७९/८० देखि रु २५०० । पाइरहेकोले सोही अनुदान रकमबाट २४ घण्टा सेवा उपलब्ध गराउने नर्सिङ स्टाफलाई सम्वन्धित संस्थावाट नै खाजाबापतको रकम उपलब्ध गराउन सम्वन्धित संस्थालाई निर्देशन दिने निर्णय सर्वसम्मत पारित गरियो ।

निर्णय नं. (६)

प्रस्ताव नं. (५) माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिका विधायन समितिमा छलफल भई तयार गरी निर्णय भई आएका तपसिलका कानुनहरु पारित गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

तपसिल:

१. तीनपाटन गाउँपालिकाको खानेपानी तथा सरसफाइ नियमावली, २०८०

२. खाद्य स्वच्छता एवम् गुणस्तर अनुगमन निर्देशिका, २०८०

३. मर्यादित महिनावारी व्यवस्थापन निर्देशिका, २०८०

४. तीनपाटन गाउँपालिकाको विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्वन्धी कार्यविधि, २०८०

५. तीनपाटन गाउँपालिकाको फोहोरमैला व्यवस्थापन कार्यविधि, २०८०

६. खानेपानी, सरसफाइ तथा स्वच्छताको गुणस्तर अनुगमन मार्गदर्शन, २०८०

विविधः

(क) मौलापूजा गर्नका लागि छुट भएका तपसिलका कार्यालयहरुलाई देहाय बमोजिमको रकम अन्य संस्था सहायता शिर्षकवाट भुक्तानी गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

तपसिल:

अ. सशस्त्र प्रहरी कार्यालय, सिन्धुली — बढीमा रु. २०,०००/- (बीस हजार)

आ. जिल्ला प्रहरी कार्यालय, सिन्धुली — बढीमा रु. २०,०००/- (बीस हजार)



Scanned with CamScanner

इ. इलाका प्रहरी कार्यालय, डकाहा — बढीमा रु. २०,०००/- (बीस हजार

(ख) यस गाउँपालिकामा रहेका विभिन्न महिला समूहहरुलाई कृषि सहकारीमा आबद्ध गर्नका लागि तपसिलका वडाहरु समावेश हुने गरी कृषि सहकारी संस्था दर्ता गर्ने ।

अ. वडा नं. १, २ र ३ — १ वटा

आ. वडा नं. ५ र ६ — १ वटा

इ. वडा नं. ७ र ८ — १ वटा

ई. वडा नं. ४, ९, १० र ११ — १ वटा

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो ।



Scanned with CamScanner